# थुलुङ दुधकोशी राजपत्र

थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित

## भाग-१

## सूचना २०

## थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन

**प्रमाणिकरण मितिः** २०८०।०३।१०

प्रस्तावना : थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०८० रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. दफा ९ को उपदफा (१) को देहाय (ख) पछि देहायको (ग) थपिएको छः-

(ग) गाउँ विकास सहकारीको हकमा गाउँपालिका क्षेत्रभरी

३. दफा ११ उपदफा (घ) पछि देहायको उपदफा (ङ) थपिएको छ :-

(ङ) गाउँ विकास सहकारी संस्था : नेपालको संविधानले अंगिकार गरेको तीन खम्बे अर्थ नीतिलाई कार्यान्वयन गर्न सरकार सहकारी र निजी क्षेत्रविच साझेदारीको सिद्धान्त अनुरुप एक गाउँ विकास सहकारी संस्था गठन गरिनेछ।

४. दफा १५ पछि देहायको दफा १५क थपिएको छः-

१५क. गाउँ विकास सहकारीको उद्धेश्य : गाउँ विकास सहकारी सरकार, सहकारी र निजी क्षेत्रको संयुक्त सहभागितामा गठन गरी लगानीको आधारमा मुनाफा वितरण गर्ने र स्थानीय सरकार एवं सरकारी क्षेत्रबाट भएको लगानीको मुनाफा गाउँपालिकाको नीति कार्यक्रम मुताविक आर्थिक तथा सामाजिक विकासमा खर्च गरिनेछ ।

५. परिच्छेद -३ पछि देहायको परिच्छेद -३क तथा दफा १६क, १६ख, १६ग, १६घ थपिएको छः-

परिच्छेद ३क

गाउँ विकास सहकारी सम्बन्धी व्यवस्था

१६क. गाउँ सहकारीको स्थापना :- (१) गाउँपालिका भित्रका सहाकारीको नेतृत्व गर्न एवम् गाउँपालिकाको स्थानीय उत्पादनको प्रवर्द्धन, आर्थिक सामाजिक उन्नयन गर्न एक विशेष गाउँ विकास सहकारीको स्थापना गरिनेछ ।

(२) थुलुङ दुधकोशी गाउँपालिकामा संचालित सहकारी संस्थाहरु, यस पालिका भित्र कार्यक्षेत्र भई संचालित सहकारीहरु, सामुदायिक संस्था तथा उद्योगी व्यवसायी समूह, सामुदायिक वन एवम् थुलुङ दुधकोशी गाउँपालिकाका नागरिकहरु गाउँविकास सहकारी संस्थाका सदस्य हुन सक्नेछन् ।

१६ख. गाउँ विकास सहकारीका लक्ष्यहरु: गाउँ विकास सहकारीका लक्ष्यहरु देहाय वमोजिम हुनेछन् ।

क) समृद्ध थुलुङ दुधकोशी गाउँपालिकाको निर्माण गर्नु ।

ख) कृषि क्षेत्रमा काम गर्न चाहने किसानलाई सहुलियत ब्याजदरमा सरल कर्जा उपलब्ध गराउनु ।

ग) छरिएर रहेका साना पूँजी संकलन गरी पूँजी निर्माण तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु ।

घ) कृषि तथा पशुपालनका क्षेत्रमा गाउँपालिकाको प्रत्यक्ष तथा अप्रत्यक्ष लगानी अभिवृद्धि गर्नु ।

ङ) कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर गाउँपालिका बनाउने तथा कृषि उपज निर्यात गर्न सक्षम गाउँपालिका निर्माण गर्नु ।

च) साना तथा घरेलु उद्योगको स्थापना गरी गाउँपालिकालाई आर्थिक समृद्ध बनाउने र रोजगारी प्रवर्द्धन गर्नु ।

छ) सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको सहकार्य एवं साझेदारी मार्फत विकासका गतिविधि अगाडी बढाउनु ।

ज) गाउँ विकास सहकारी मार्फत स्थानीय मौलिक सीप तथा आय उपार्जनका कलाको प्रवर्द्धन बजारीकरण गर्नु ।

झ) गाउँपालिकाभित्र संचालित सहकारी संस्थाहरुको नेतृत्व गर्नु र समन्वय गर्नु ।

१६ग. गाउँ विकास सहकारीका कार्यहरु: (१) गाउँ विकास सहकारीका कार्यहरु देहाय वमोजिम हुनेछ ।

क) कृषि उत्पादन, प्रवर्द्धधन तथा वजारीकरण गर्न चाहने कृषकहरुलाई सहुलियत कर्जा उपलब्ध गराउने ।

ख) कृषिमा आधारित वस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, भण्डारण, औद्योगगिकरण र बजारीकरण गर्ने

ग) स्थानीय सरकार, सहकारी तथा निजी क्षेत्रको सहकार्य तथा साझेदारी गर्ने

घ) कृषि उपज संकलन तथा विक्री केन्द्र स्थापना गर्ने

ङ) सार्वजनिक तथा निजी जग्गा लिजमा लिई कृषि उपज उत्पादन गर्ने ।

च) कृषि उपज तथा स्थानीय सीपमा आधारित घरेलु तथा साना उद्योग संचालन गर्ने ।

छ) कृषक तथा साना व्यवसायीको वचत स्वीकार गर्ने ।

ज) भूमी, पूँजी, प्रविधिको उपयोग गरी उत्पादकत्व अभिवृद्धि गर्ने किसिमका नीति निर्माण तथा कार्यक्रम संचालन गर्ने

झ) मासु, अण्डा, तेल, कफी, कागती लगायत दैनिक प्रयोगका कृषि उत्पादनमा लगानी गर्ने, उत्पादनलाई बजारीकरण गर्ने ।

ञ) वडा तथा टोल स्तरमा कृषि उपज संकलन तथा सुपथ मूल्यको विक्री केन्द्र संचालन गर्ने ।

ट) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार तथा अन्य निकायबाट प्राप्त हुने अनुदान, ऋण स्वीकार गर्ने र परिचालन गर्ने ।

ठ) गाउँपालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको नेतृत्व गर्ने तथा समन्वय गर्ने ।

१६घ. गाउँ विकास सहकारी वोर्ड : गाउँ विकास सहकारी र गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने सहकारीको हित, प्रवर्द्धन तथा नियमन गर्न एक गाउँपालिका स्तरीय गाउँपालिका सहकारी बोर्ड रहनेछ । गाउँपालिका सहकारी वोर्डको गठन तथा काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

६. दफा २० को उपदफा (२) मा संशोधन गरी देहाय वमोजिम कायम गरिएको छः-

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु, टोल विकास संस्थाहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

७. दफा ३० को उपदफा (७) पछि देहाय वमोजिमको उपदफा (८) थपिएको छः-

(८) यस ऐनमा जुनसुकै व्यवस्था गरिएको भएतापनि गाउँ विकास सहकारीको अध्यक्ष गाउँपालिका अध्यक्ष नै हुने व्यवस्था भएको हकमा गाउँपालिका अध्यक्षको कार्यकालभरी अध्यक्ष हुन वाधा पर्ने छैन ।

८. दफा ४२ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यंशमा संशोधन गरी देहाय वमोजिम कायम गरिएको छः-

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा उल्लेखित सरकार वा तहले लगानी गर्न यो बन्देज लागू हुने छैन ।

आज्ञाले,
खरिधन राई
नि. प्रमुख प्रशासकीय अधिकृत